नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३५ अंक १६४ २०८२ साल माघ १५ गते बिहीबार (29 Jan 2026 Thursday) मूल्य रु. ५/-

लागु औषधको दुर्व्यसनबाट टाढा रहौं

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : चुनौती बन्दै बैंकिङ प्रणालीमा ... ३ पृष्ठमा : पहिलो आधुनिक 'चन्द्र नहर' का ... ३ पृष्ठमा : अजित पवारको विमा ...

नेपालकै पुरानो चन्द्रनहरको ३२ स्थानमा पुनर्निमाण कार्य सकाएर जापानद्वारा नेपाललाई हस्तान्तरण

दैनिक समाचारदाता
राजविराज, १४ माघ ।

नेपालकै पहिलो चन्द्रनहर सिंचाई प्रणालीको जापान सरकारको सहयोगमा मरमत सम्भार तथा सिंचाई सुविधाको पुनर्स्थापना गरी नेपाल सरकारलाई हस्तान्तरण गरिएको छ ।

कोशी पम्प चन्द्रनहर सिंचाई व्यवस्थापन कार्यालय राजविराजले चन्द्रनहर किनारस्थित सप्तकोशी नगरपालिका १० भगिनी मलेठमा बुधबार आयोजना गरेको "पुर्वी तराई क्षेत्रको सिंचाई प्रणाली पुनर्स्थापना आयोजना हस्तान्तरण समारोह" मा जापानका राजदुत सिन्तो एसबारुले नेपाल सरकारका उर्जा जलस्रोत एवं सिंचाइ मन्त्रालयका सचिव सरिता दवाडीलाई निर्माण सम्पन्नको कागजातहरु हस्तान्तरण गरेका हुन् ।

पुर्व तराई क्षेत्रका १० हजार पाँचसय हेक्टर कृषि योग्य भूमीमा सहज सिंचाइ सेवा पुऱ्याउने उद्देश्यले इ.स. १९२७ सालमा निर्माण गरिएको चन्द्रनहर सिंचाई प्रणालीको मुल नहर २८ किलोमिटर लामो छ । विगत लामो समय देखि ठाउँ ठाउँमा जिर्ण हुँदा किसानलाई सिंचाईमा समस्या हुने गरेको थियो ।

जापानी सहयोग संस्था नियोग (जेआइसिए) को दुई अरब पाँच करोड १० लाखको अनुदान सहयोगमा चन्द्रनहर प्रणालीको मुल नहरमा भत्केका ३२ स्थानमा सिंचाई संरचनाको पुनर्निमाण सम्पन्न भएपछि एक समारोहको आयोजना गरी नेपाल सरकारलाई हस्तान्तरण गरिएको राजदुत सिन्तो एसबारुले बताए ।

उक्त सिचाई संरचना पुनर्निमाणका लागि नेपाल र जापान सरकारबीच सन २०२२ सेप्टेम्बर ११ मा अनुदान सहयोग समझौता भएको थियो । समझौतामा निर्माण अवधि ३१ जनवरी २०२६ तोकिएपनि जापान सरकार र निर्माण कम्पनी हाजामा आन्दो कर्पोरेशनको सक्रियतामा तीनदिन आगाबै निर्माण कार्य सम्पन्न गर्न सफल भएको परामर्शदाता एनटिसी इन्टरनेशनल कम्पनी लिमिटेडका प्रतिनिधि याकुरा मोसुले जनाए ।

कार्यक्रमका प्रमुख अतिथि उर्जा जलस्रोत एवं सिंचाई मन्त्रालयका सचिव सरिता दवाडीले पुर्वी तराई क्षेत्रको सिंचाई प्रणाली पुनर्स्थापना आयोजना परियोजना अन्तर्गत जापान सरकारले गरेको सहयोग अति महत्वपूर्ण रहेको भन्दै यसले नेपालको पुर्व तराई क्षेत्रका कृषि उत्पादन वृद्धिमा महत्वपुर्ण भूमिका निर्वाह गर्ने बताईन् ।

सिंचाई व्यवस्थापन कार्यालय सप्तरीका प्रमुख बिरेन्द्र कुमार यादवले मुल नहरको स्तरोन्नतीले अब सिंचाईका लागि पर्याप्त पानी वितरण गर्न सहज भएको भन्दै मुल नहरपछि अब झण्डै सय बर्ष पुरानो र जिर्ण अवस्थामा पुगेको शाखा नहरहरुको पनि स्तरोन्नती कार्यमा जापान सरकारलाई सहयोग गर्न आग्रह गरे ।

जलस्रोत तथा उर्जा मन्त्रालयका सहसचिव सुशीलचन्द्र आचार्यको अध्यक्षतामा आयोजित हस्तान्तरण समारोहमा जलस्रोत तथा सिंचाई विभागका महानिर्देशक मित्र बराल, प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल लगायतले पनि मुल नहरको जिर्ण संरचना पुनर्निमाणले यस क्षेत्रमा कृषि उत्पादन बढाउन, सिंचाई सुविधाको विस्तार गर्न तथा किसानको आयस्तर वृद्धिमा ठुलो मद्दत पुऱ्याउने भन्दै आयोजनामा सघाउने सबैप्रति धन्यवाद व्यक्त गरेका थिए ।

सर्वोच्च अदालत : 'संसद् पुनःस्थापनको मागमा २० गते पेसी तोकिएको होइन'

काठमाडौं, १४ माघ (रासस) ।

सर्वोच्च अदालतले संसद् पुनःस्थापना माग गर्दै दायर भएका रिट निवेदनमा २० गते पेसी तोकिएको भन्ने हल्ला सही नभएको जनाएको छ ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले यही माघ २० गते पेसी तोकिएको भन्ने गलत प्रचार भएको र हालसम्म विघटनविरुद्धको मुद्दामा पेसी नतोकिएको बताउनुभयो ।

"संसद् विघटनविरुद्ध समेतको रिट निवेदन माघ २० गते पेसी तोकिएको भनी केही अनलाइनहरूमा समेतमा आएको समाचार सही नभएको जानकारी गराउँदछु", प्रवक्ताले कोइरालाले भन्नुभयो, "२० गते साधारण तारेख रहेको छ ।" अदालतमा संसद् पुनःस्थापना, सरकार गठन प्रक्रियालगायत विषयमा १७ थान रिट निवेदनमा परेका छन् ।

एकै रात प्रहरीका घरदेखि साईकल मरम्मतका पसल सम्म चोरी

दैनिक समाचारदाता
राजविराज, १४ माघ ।

राजविराज वडा नं. ८ हिमालय टोलमा मंगलबार मध्य राति आधा दर्जन स्थानमा श्रृंखलाबद्ध चोरी भएको छ ।

ती चोरी घट्नामा प्रहरीको घरदेखि साईकल मरम्मत तथा पान र चिया पसलसम्म छन् ।

चोरले राजविराज ८ स्थित सविता माझी, घनश्याम दास तथा मधेश प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालय राजविराजमा कार्यरत बरिष्ठ प्रहरी हवलदार परशुराम मंडल लगायतको घरबाट लाखौंको धनमाल चोरी गरी लगेका छन् ।

यस्तै राजविराज ८ स्थित मो. युनुसको साइकल मरम्मत पसल, इनर साहको मनोज पान पसल र विनोद साहको विनोद होटलमा समेत चोरी भएको सम्बद्ध व्यक्ति र परिवारजनले जनाएका छन् ।

सविता माझीको घरबाट सुन र चाँदीका गरगहना गरी तीन लाख, प्रहरी हवलदार परशुराम मंडलको घरबाट सुन चाँदीका गरगहना तथा नगद ९५ हजार गरी करिब १३ लाख रुपैयाँ बराबरको धनमाल चोरी भएको परिवारजनले जनाएका छन् ।

यस्तै घनश्याम दासको घरबाट चाँदीको गरगहना र नगद १५ हजार, मो. युनुसको साइकल मरम्मत पसलबाट १० हजार, मनोज पान पसलबाट ४ हजार तथा विनोद होटलबाट ५ हजार बराबरको धनमाल चोरी भएको सम्बद्ध घरधनी र पसल सञ्चालकले जानकारी दिएका छन् ।

चुनाव नजिकिदा नगरमा सुरक्षा व्यवस्था कडा पारिएको प्रहरीले जनाई रहेका बेला एकैरात आधा दर्जन घरमा भएको श्रृंखलाबद्ध चोरीको घट्नाले स्थानिय त्रसित भएका छन् ।

उनीहरु प्रहरी गस्ती बढाउन तथा नगरका भित्रि सडकहरुमा समेत निगरानीका लागि सिसिटिभि क्यमरा जडान हुनुपर्ने माग गरेका छन् ।

अस्पतालबाटै शव साटिएको घटना छानबिन गर्न समिति गठन

सिरहा, १४ माघ (रासस) ।

यहाँको लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा 'परीक्षण'का लागि राखिएको शव साटिएको घटना छानबिनका लागि पाँच सदस्यीय समिति गठन गरिएको छ ।

इलाका प्रशासन कार्यालय लहानका प्रमुख वेदनिधि खनालको संयोजकत्वमा समिति गठन गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले शव साटिएपछि उत्पन्न विवाद र स्थानीयको आन्दोलनका कारण उत्पन्न तनावलाई मध्यनजर गर्दै घटनालाई गम्भीरतापूर्वक लिएर अनुसन्धानका लागि समिति गठन गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "इलाका प्रशासन कार्यालय लहानका प्रमुखको संयोजकत्वमा मृतकका काका, अस्पतालका विशेषज्ञ चिकित्सक, सम्बन्धित वडाका अध्यक्ष र प्रहरी निरीक्षक सहभागी रहने गरी पाँच सदस्यीय छानबिन समिति गठन गरिएको छ । घटनाको निष्पक्ष र प्रभावकारी छानबिनका लागि अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रन्जित

बाँकी अन्तिम पृष्ठमा

योग गरौं, स्वस्थ जीवन अपनाऔं

- नियमित व्यायाम तथा योगले तनाववाट राहत दिन्छ ।
- योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ ।
- नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ ।
- विहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं ।
- योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं ।
- वालवालिका, युवा, वृद्ध सबैका लागि योग लाभदायक छ ।
- योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो ।

योग गरौ: स्वास्थ्य बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

दुर्घटना न्युनिकरण गर्न ठोस नीति आवश्यक

मुलुकमा अहिले निकै सडक दुर्घटना बढेको छ। सडक दुर्घटनाका कारण वर्षमा हजारौं व्यक्तिले अकालमै ज्यान गुमाउनु परेको छ। मुलुक भित्र रहेको बाटोघाँटोको समस्या तथा बाटो भएपनि साँघुरो तथा टेडोमेडो बाटोका कारण सडक दुर्घटना हुने गरेको पाइन्छ। तर त्यो भन्दा पनि बढी सवारीसाधन चलाउने चालकको लापरवाही अत्याधिक भएको पाइएको छ। चालकले मनपर्दी तरीकाले सवारी चलाउने गरेको तथा सवारी चलाउदा अत्याधिक गतिमा तथा मोवाइलमा कुरा गर्दै, मादक पदार्थ सेवन गरि र सवारीको क्षमताभन्दा बढी यात्रु बोकेर चलाउने गरेको पाइएको छ।

पूर्वपश्चिम राजमार्ग भन्दा पनि भित्री राजमार्ग, काठमाडौं, पोखरा तथा अन्य पहाडी क्षेत्र जाने बाटोमा चाहे भन्दा बढी र भौगोलिक क्षेत्रको आधारमा मोडहरु बढी रहेको छ। बाटो निर्माण गर्दा मोडहरुलाई फराकिलो गर्ने तर्फ ध्यान नदिनु, राजमार्ग क्षेत्रमा प्रहरी प्रशासनले सवारी चालकमाथी कारवाही नगर्नु जस्ता कारणले पनि सवारी दुर्घटना बढ्न गएको हो।

सवारी चालक र प्रशासनको हेलचक्राई अल्पआयुमै यात्रुहरुको ज्यान जाने प्रति सम्बन्धित निकायले कडा कारवाहीको कदम नचाल्नुले दुर्घटनामा कमी आउन सकिरहेको छैन्। तसर्थ सरकारले सवारीसाधनहरुलाई मापदण्ड तोकेर कडाईका साथ कारवाही प्रक्रिया अघि बढाउनु र जनचेतना दिएर भए पनि सवारी दुर्घटनालाई न्यूनिकरण गर्न तर्फ ठोस नीति ल्याउनु आवश्यक छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

चुनौती बन्दै बैंकिङ प्रणालीमा थुप्रिएको रकम

कृष्णराज गौतम

काठमाडौं, १४ माघ (रासस)।

अधिक तरलता व्यवस्थापन अहिले समग्र बैंक तथा वित्तीय क्षेत्रले सामना गर्नुपरेका चुनौती बनेको छ। देशका विभिन्न वाणिज्य बैंक, विकास बैंक तथा फाइनान्स क्षेत्रमा सर्वसाधारण जनताको सङ्कलन भएको निक्षेप अहिलेसम्मकै उच्च तहमा पुगेको हो। बैंकिङ प्रणालीमा लगानी गर्न सकिने करिब रु नौ खर्ब रहेको नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरु पौडेलले जानकारी दिनुभयो।

व्याजदर न्यून तहमा कायम गरिँदा पनि पनि कर्जाको मागमा अपेक्षित सुधार आउन नसकेकाले यस क्षेत्रमा चुनौती बढेको हो। बजारमा कर्जाको माग नै नभएको अवस्थामा बढ्दो जोखिमका कारण बैंकहरूले पनि लगानीमा कडाइ गर्दा निक्षेप थुप्रिन पुगेको हो। बजारमा चाहिनेभन्दा बढी लगानीयोग्य रकम बैंकहरूमा थुप्रिएकाले पनि अहिले पैसा भएर पनि राज्य गरिब भएजस्तो अवस्थामा पुगेको छ। पछिल्लो समयमा रेमिट्यान्स प्रवाहमा सुधार आएकाले निक्षेप थपिने क्रम जारी छ।

निक्षेप अत्यधिक हुनुले बैंकहरू घाटामा जाने अथवा डुब्ने अवस्थामा नपुग्ने तर पुँजी वृद्धिमा समस्या हुने उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "अत्यधिक निक्षेप बैंकहरूका लागि चिन्ताको विषय हो तर, बैंकहरूले विभिन्न क्षेत्रमा लगानी गरेर नाफा कमाउन सक्छन्।" केन्द्रीय बैंकले विभिन्न योजना तथा कार्यक्रममार्फत कर्जा प्रवाहका लागि व्यवसायीलाई उत्साहित बनाउने प्रयास गरिरहेको छ।

राजनीतिक अस्थिरतासँगै उत्पन्न हुने अवस्था, विभिन्न समयमा आन्दोलन, छोटो समयमा हुने सरकार परिवर्तन तथा सरकारले अवलम्बन गर्ने नीति तथा कार्यक्रमजस्ता विषयले पनि केही हदसम्म बैंकका नियमित कार्य प्रभावित हुने गरेको पाइएको छ। यस्ता अवसरको उच्चतम् सदुपयोग गर्दै बैंक अगाडि बढ्नुपर्छ। बैंकले लगानी विस्तार गरी जनआकांक्षाअनुरूपका सेवा सुविधा प्रदान गरेर ग्राहकलाई सन्तुष्ट बनाउने कार्यले हुने वित्तीय गतिविधिले नै देशको अर्थतन्त्र चलायमान हुने गर्दछ। बैंकलाई आमनेपाली जनताले विश्वास गर्छन्।

मुलुकभर ससाना एकाइमा छरिएको पुँजीलाई एकीकृत गरेर बैंकले विभिन्न उत्पादनशील क्षेत्रमा लगानी गर्ने गरेका हुन्छन्। स्थानीय स्रोतसाधनको सही सदुपयोग गरी लघुउद्यम सञ्चालन गर्न चाहने जनतालाई बैंकले सहयोग गरिरहेको छ। वित्तीय चेतनाको कमीले विगतमा ठूलठूला व्यापारी र व्यवसायीका लागि मात्रै बैंक स्थापना गरिएको हो भन्ने बुझाई समाजमा थियो। बैंक स्थापनापछि पनि वित्तीय साक्षारताको अभावमा सर्वसाधारण नागरिकले वस्तु विनिमयमार्फत कारोबार गर्ने गर्दथे। बैंकिङ कारोबारलाई सहजरूपमा लिइँदैन थियो।

मानिसमा बचत र लगानीको महत्वलाई सचेतना फैलाउने कार्य गरेर बैंकले घरेलु तथा साना उद्योगको विकासदेखि मझौला तथा ठूला उद्योग स्थापना गर्न तथा गरिबी निवारणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। सरकारको आम्दानी तथा खर्चको व्यवस्थापन, विदेशी विनिमय सेवा उपलब्ध गराउने, आयात-निर्यात व्यापारमा हिसाब राख्ने, निजी क्षेत्रका व्यवसायी तथा कम्पनीको कारोबारमा समेत बैंकले प्रभावकारी रुपमा कार्य गरिरहेको छ। जेनजी पुस्ताका प्रदर्शनका क्रममा भएका असामान्य परिस्थितिबाट प्रत्यक्ष रूपमा प्रभावित उद्योग, व्यापार, व्यावसायिक प्रतिष्ठान तथा आर्थिक गतिविधिमा कार्यरत कर्मचारीलाई तलब भत्तालगायतका सुविधाका लागि आधार दरमा बढीमा शून्य दशमलव ५० प्रतिशत विन्दु मात्र प्रिमियम थप गरी कर्जा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ।

कम्तीमा पनि एकसय महिलालाई रोजगारी प्रदान गरी निर्यातमूलक उद्योग सञ्चालन गर्ने संस्थालाई न्यूनतम् ब्याजदरमा प्रदान गरिने कर्जाले पनि तरलता केही सुधार हुने दिने अपेक्षा गरिएको छ। राष्ट्र बैंकले दिएका यी सहुलियतहरूले कर्जाको माग बढाउनुका साथै अर्थतन्त्रलाई गति दिन सक्छ। रकम पर्याप्त भएको बेला कर्जा माग नै कम भएपछि निक्षेप व्यवस्थापन कसरी गर्ने भन्ने चिन्ता बैंकलाई छ। कम तरलता हुँदा बजारमा प्रवाह गर्ने र बढी हुँदा तान्ने राष्ट्र बैंकले गर्ने गरेको छ। उहाँले तरलता व्यवस्थापनका लागि दुई दशमलव ६४ प्रतिशतमा उक्त नौ खर्ब रुपैया राष्ट्र बैंकले खिचेको प्रवक्त पौडेलले जानकारी दिनुभयो।

अधिक तरलताको समयमा बैंक तथा वित्तीय क्षेत्रमा भएको पर्याप्त लगानीयोग्य रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न सकिन्छ। बैंकहरूलाई कर्जा प्रवाह गर्ने क्षमता विकास गर्न केन्द्रीय बैंकले नीतिगत रुपमा सहयोग गर्दै आएको छ। अन्तरराष्ट्रिय परिस्थिति, नजिकिँदै गरेको चुनाव, वित्तीय सुरक्षाजस्ता विषयले कर्जाको माग विस्तारै बढ्ने उहाँले बताउनुभयो।

तुलनात्मक रूपमा न्यून ब्याजदरमा कर्जा पाइने भएकाले व्यापार व्यवसाय विस्तार तथा औद्योगिकीकरणलगायतका अवसर भए पनि राजनीतिक अन्योलता तथा वस्तुको उत्पादन गर्दा लागत महँगो पर्ने हुँदा तरलता व्यवस्थापन हुन नसकेको हो। यसले अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्दछ। बैंकहरूमा निक्षेप बढ्ने तर कर्जा नबढ्ने हुँदा बैंकहरूको ब्याज खर्च बढ्न गई नाफामा कमी आउन सक्दछ। त्यसकारण पनि निक्षेपको ब्याजदर घट्न थाल्दछ। निक्षेपकर्ताहरू कम ब्याजदरमा निक्षेप बैंकमा राख्न बाध्य हुन्छन्। त्यसले गर्दा निक्षेपकर्ताको आम्दानीको स्रोतमा कमी आउँछ। लगानीयोग्य वातावरण बन्न नसक्दा कर्जाको माग हुँदैन त्यसले गर्दा लगानी अनुत्पादक क्षेत्रतर्फ प्रवाह हुने जोखिम बढाउँछ।

अधिक तरलताले बचत घट्ने तथा अनावश्यक उपभोग बढ्ने त्यसले मूल्यवृद्धि हुने क्रम हुन्छ। त्यसैगरी राष्ट्रियस्तरमा आयातमा वृद्धि भई अर्थतन्त्रमा नकारात्मक असर पार्छ। देशको भुक्तानी सन्तुलनमा समेत असर देखा पर्छ। यसले समग्र मूल्यस्तरमा वृद्धि ल्याउने र मुद्रास्फीतिको अवस्था ल्याउन सक्ने त्रिभुवन विश्वविद्यालय केन्द्रीय अर्थशास्त्र विभागका पूर्वप्रमुख डा रेशम थापाले जानकारी दिनुभयो।

अधिक तरलताका कारण स्वदेशमा भइरहेको बचतको विदेशतर्फ पनि पलायन हुनसक्ने जोखिमको अवस्था ल्याउँछ। तरलता न्यून तथा अधिक हुनु दुवै वित्तीय प्रणालीमा राम्रो मानिँदैन। कर्जाको माग बढेको अवस्थामा बैंकले आफ्नो क्षमताभन्दा बढी लगानी गरेमा न्यून तरलता समस्या हुने उहाँले बताउनुभयो। कागजी प्रक्रियाबाट सुरु गरिएको बैंकिङ प्रणाली सूचना प्रविधिको विकाससँगै समयानुकूल परिवर्तन गर्दै सूचना प्रविधिको प्रयोगमार्फत सेवाग्राहीलाई आधुनिक डिजिटल बैंकिङसम्बन्धी सेवा सुविधा उपलब्ध गराउने क्षमता विकास गरेका छन्। देशभर बैंकका शाखा स्थापना भएकाले पनि यस क्षेत्रमा धेरै जनताको पहुँच स्थापित हुँदै गएको छ भने ग्राहकको सङ्ख्या पनि बढ्ने क्रममा छ।

चालिसको दशकमा सरकारले सुरु गरेको आर्थिक उदारीकरणको नीतिका कारण निजी क्षेत्रबाट बैंक तथा वित्तीय संस्था स्थापना तीव्र रुपमा हुन थालेको पाइन्छ। सामान्यतया कुनै पनि व्यक्ति तथा संस्थाले बैंकमा बचत गरेको वित्तीय सम्पत्ति आवश्यक परेको समयमा सजिलै झिकेर खर्च गर्नसक्ने रकममा रूपान्तरण गर्न सकिने अवस्थालाई तरलता भनिन्छ। बैंक तथा वित्तीय क्षेत्रमा तरलतालाई तुरुन्त लगानीयोग्य पुँजीका रूपमा बुझ्ने गरिन्छ।

बैंकको दायित्व निक्षेपकर्ताको ब्याजसहित रकम मागेको समयमा फिर्ता गर्नुपर्ने हुन्छ। बैंकको नाफामुखी र सेवामुखी दुबै भएर भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। देशको अर्थतन्त्रमा तरलता, ब्याजदर र मुद्रास्फीतिको निकट सम्बन्ध हुन्छ। तरलता बढ्दा ब्याजदर घट्छ र मुद्रास्फीति बढ्ने गर्छ। तरलतामा सङ्कुचन आयो भने ब्याजदर बढ्छ र मुद्रास्फीति कम हुन्छ। वित्तीय प्रणालीमा नाफा आर्जनका लागि तरलता व्यवस्थापन महत्वपूर्ण हुन्छ।

तरलता व्यवस्थापनका लागि सर्वसाधारणले बैंकमा राखेको निक्षेप, बैंकहरूले केन्द्रीय बैंकमा राख्ने गर्दछन्। अर्थात् राष्ट्र बैंक केन्द्रीय बैंक भएकाले तरलता व्यवस्थापन गर्ने उद्देश्यले समग्र वित्तीय प्रणालीलाई गतिशील बनाउन सो रकम राख्ने गर्दछ र निश्चित रकम व्याजका रुपमा सम्बन्धित बैंकलाई दिने गर्दछ। बैंकमा व्यक्ति तथा विभिन्न सङ्घसंस्था, कम्पनी, संस्थान आदिबाट सङ्कलन हुन आएको रकम चल्ती, मुद्दति तथा निक्षेप खातामा जम्मा भएका हुन्छन्। तरलता असन्तुलनका कारण अर्थतन्त्रमा समस्या नआओस् भन्ने उद्देश्यले केन्द्रीय बैंकले तरलताको व्यवस्थापन गर्ने काम गर्दछ। केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थालाई निक्षेपको ९० प्रतिशतसम्म कायम गर्न पाउने सुविधा दिएको छ। कर्जा/निक्षेप अनुपात पनि भनिन्छ। राष्ट्र बैंकले बजारमा धेरै तरलता भए प्रशोचन गर्ने र कम भए प्रवाह गर्ने गर्दछ। राजनीतिक अस्थिरता र लगानीयोग्य वातावरणको अभावका कारण कर्जाको माग बढेको छैन। यसले गर्दा बैंक तथा वित्तीय संस्थामा थोरै ब्याजदरमा पनि निक्षेप राख्न स्थिति छ।

सरकारले जेनजी प्रदर्शनको क्रममा प्रभावित उद्योग र व्यवसायीलाई सहुलियत ऋण तिर्ने समयावधि थप गरेको छ। यसले कर्जा लिएर भुक्तानी गर्नसक्ने अपेक्षा राखिएको छ। सहुलियतपूर्ण कर्जा र जसले कर्जा लिएर भुक्तानी गर्न नसक्नेका लागि राष्ट्रियस्तरमा खडा हुने पुनर्निर्माण कोषबाट प्रदान गर्ने भएको छ। यसले पनि तरलता व्यवस्थापनमा सहयोग पुग्ने अर्थशास्त्री राधेश्याम मालाकारले बताउनुभयो। सरकारले पुनर्निर्माणका लागि पुनर्निर्माण कोष खडा गरिसकेको छ।

जेनजी प्रदर्शनको क्रममा सृजना भएको असामान्य परिस्थितिबाट प्रभावित उद्योग, व्यापारिक तथा व्यावसायिक प्रतिष्ठान र आर्थिक गतिविधिलाई तत्काल सञ्चालन गर्नको निमित्त नेपाल सरकार, नेपाल राष्ट्र बैंक र बिमा कम्पनीहरूले विभिन्न किसिमका राहत सुविधाका कार्यक्रम सुरु गरिसकेको छ यसले बजारमा कर्जाको माग बढाउने र अर्थतन्त्र चलायमान हुने अपेक्षा गरिएको छ। आन्दोलनको कारण भएको तोडफोड र आगजनीबाट भएको क्षति पुनर्निर्माण गर्दा कर्जाको माग बढ्ने व्यवसायीको धारणा छ। पुनःरुत्थानको लागि वित्तीय प्रणालीमा थुप्रिएको रकम उपयोग हुने विश्वास छ। निक्षेप बढ्ने तर कर्जा लगानी नबढ्ने हो भने बैंकहरूको ब्याज खर्चका कारण मुनाफामा कमी आउने तथा सम्बन्धित शेयरधनी पाउने लाभांश पनि प्रभावित हुन जानेछ।

देशभर १६ आगलागीका घटना

काठमाडौं, १४ माघ (रासस)।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, माघ १२ गते बिहानदेखि मङ्गलबार बिहानसम्म देशभर विपद्मा २० घटना भए।

त्यसमध्ये कूल १६ वटा आगलागीका घटना भएका छन्। यस्तै, चार वटा जनावर आक्रमणका घटना भए। प्राधिकरणका अनुसार, विपद्मा परेर दुई जनाको ज्यान गयो भने पाँच जना घाइते भए। यस्तै, विपदका कारण रु २५ लाख ६४ हजार बराबरको क्षति भएको प्राधिकरणले जनाएको छ।

सिरहामा तीन, मोरङ, बारा र रौतहटमा दुई, सुनसरी, भोजपुर, सर्लाही, मकवानपुर, लमजुङ, प्यूठान, बझाङमा आगलागीका घटना घटे। अधिकांश आगलागीका घटना असावधानीका कारण भएको पाइएको छ।

प्राधिकरणका अनुसार, सुनसरी, सप्तरी, चितवन र दैलेखमा भने जनावरका घटना घटे। प्राधिकरणले सुक्खा मौसममा आगलागीका घटनामा वृद्धि हुने भन्दै सावधानी अपनाउन आग्रह गरेको छ।

पहिलो आधुनिक 'चन्द्र नहर' का संरचना सुधार : उत्पादन वृद्धि तथा किसानको आयस्तर वृद्धि हुने

काठमाडौँ, १४ माघ (रासस)।

नेपालमा सरकारीस्तरबाट निर्माण गरिएको पहिलो आधुनिक सिँचाइ प्रणाली 'चन्द्र नहर'का संरचनालाई सुधार गरिएको छ। शताब्दी पुरानो सो नहरका ३२ प्रमुख संरचनाहरूको पुनर्निर्माण तथा सुदृढीकरण सम्पन्न गरिएको हो।

त्रियुगा नदीलाई मुख्य पानीको स्रोत मानेर निर्माण गरिएको यस नहर प्रणालीबाट २८ किलोमिटर लामो मूल नहर, ११ शाखा नहर तथा थप शाखा नहरमार्फत करिब १० हजार ५०० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध हुँदै आएको छ। तर लामो समयको प्रयोग र न्यून मर्मतसम्भारका कारण यस प्रणालीका धेरै संरचनाहरू जीर्ण भइसकेका थिए।

नहरबाट हाल करिब १० हजार ५०० हेक्टर क्षेत्रमा सिँचाइ सेवा उपलब्ध भइराखेको छ भने सप्तरी जिल्लाका करिब ३५ हजार घरधुरीका कृषकहरू प्रत्यक्ष लाभान्वित हुँदै आएका छन्। 'चन्द्र नहर सिँचाइ प्रणाली' नेपालको इतिहासमै सरकारीस्तरबाट निर्माण गरिएको पहिलो आधुनिक तथा सबैभन्दा पुरानो सिँचाइ प्रणाली हो।

यसको निर्माण तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शम्शेरको पहलमा विसं १९७९ मा सुरु भई १९८४/८५ मा सम्पन्न भएको थियो। यसको निर्माणमा 'चिफ इञ्जिनियर' का रुपमा तत्कालिन शाही सेनाका महासेनानी डिल्ली जंग थापाले नेतृत्व गर्नुभएको थियो।

जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)को आर्थिक एवं प्राविधिक सहयोगमा चन्द्र नहर सिँचाइ प्रणाली पुनःस्थापना परियोजना अन्तर्गत चन्द्र नहर सिँचाइ प्रणालीको ती प्रमुख संरचनाहरूको पुनःस्थापना तथा सुधार गरिएको हो। सप्तरीमा बुधबार आयोजित विशेष कार्यक्रममा पुनःस्थापना तथा सुधार गरिएको संरचना जाइकाका तर्फबाट नेपाल सरकारलाई हस्तान्तरण गरिएको छ।

कार्यक्रममा जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इ मित्र बरालले ऐतिहासिक चन्द्रनहरका संरचनालाई पुनर्निर्माण तथा सुदृढीकरण गर्न सहयोग पुऱ्याएकामा जापान सरकारलाई विशेष धन्यवाद दिनुभयो। उहाँका अनुसार जाइकाको सहयोगमा पूर्वी तराई सिँचाइ प्रणाली पुनःस्थापना आयोजनाअन्तर्गत चन्द्रनहरको पुनर्निर्माण तथा सुदृढीकरण सम्पन्न भएको हो।

नेपालको अर्थतन्त्र मुख्यतया कृषिमा आधारित रहेको उल्लेख गर्दै करिब ६२ प्रतिशत जनसङ्ख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेसामा संलग्न रहेको सन्दर्भमा दिगो, भरपर्दो र प्रभावकारी सिँचाइ प्रणाली बिना कृषि आधुनिकीकरण, उत्पादन वृद्धि तथा खाद्य सुरक्षा सम्भव हुँदैन।

यसै राष्ट्रिय आवश्यकताको परिणामस्वरूप विकास गरिएका सिँचाइ प्रणालीमध्ये चन्द्र नहर सिँचाइ प्रणाली नेपालकै पहिलो आधुनिक तथा ऐतिहासिक सिँचाइ प्रणाली हो। विसं १९७९ मा निर्माण सुरु भई विसं १९८४ र ८५ मा सम्पन्न भएको यो प्रणाली बुधबार करिब १०० वर्ष पुरानो राष्ट्रिय धरोहरको रूपमा स्थापित छ।

उहाँका अनुसार समयक्रममा अत्यधिक सिल्ट जम्ने, नहर चुहावट हुने, संरचनाहरू जीर्ण हुने, फ्लो कन्ट्राल संरचनाको अभाव तथा सीमित सञ्चालन तथा मर्मत क्षमताका कारण यस प्रणालीको कार्यक्षमता, विश्वसनीयता र प्रभावकारिता क्रमशः घट्दै गएको थियो। यसको असर विशेषगरी पुच्छार क्षेत्रसम्म नियमित र न्यायोचित रूपमा पानी नपुग्ने अवस्थाका रूपमा देखिन थालेको थियो।

यही यथार्थलाई आत्मसात् गर्दै नेपाल सरकारले यस आयोजनालाई उच्च प्राथमिकतामा राखी जापान सरकार तथा जाइकाको अनुदान सहयोगमा पूर्वी तराई सिँचाइ प्रणाली पुनःस्थापना आयोजना कार्यान्वयन गरेको हो

विसं २०७३ साउन ४ गते सो आयोजना कार्यान्वयनमा आएको थियो। आयोजनाअन्तर्गत चन्द्र नहर प्रणालीका ३२ प्रमुख जीर्ण संरचनाहरूको पुनर्निर्माण तथा सुदृढीकरण सम्पन्न गरिएको छ। यसमा ७१९ दशमलव २७२ मिटरको आठ वटा क्यानल अन्डर पास, ३७४ दशमलव ३९० मिटरका नौ वटा क्रस ड्रेनेज स्ट्रकचर र १८८ दशमलव ९८३ मिटरका १५ वटा क्यानल क्रसिङ ब्रिज निर्माण गरिएको छ।

हाजमा अन्दो कर्पोरेसन तथा परामर्शदाता एनटिसी इन्टरनेशनल कम्पनी लिमिटेडको प्राविधिक सहयोगमा निर्माण भएको यस परियोजनाले नहरमा पानीको चुहावट नियन्त्रणमा ठूलो सहयोग पुगेको छ।

महानिर्देशक बरालले संरचनाको मजबुती र दिगो क्षमता बढेको, नहर सञ्चालन कार्य सहज भएको, पुच्छारसम्म नियमित रूपमा पानी पुऱ्याउन सम्भव भएको जानकारी दिनुभयो छ। उहाँले भन्नुभो"संरचना निर्माणपश्चात् धानवाली र गहुँबालीमा निर्मित संरचनाबाट प्रत्यक्ष रूपमा लाभ भएको कार्यालय तथा उपभोक्ता किसानको अनुभव रहेको छ। जलवायु परिवर्तनका कारण त्रियुगा नदीमा पानीको मात्रा घटे प्रणालीको प्रभावकारिता बढेकाले उपलब्ध पानीको अधिकतम उपयोग सम्भव भएको छ।"

यद्यपि, हाल पुनस्स्थापना मुख्यतः मूल नहरका संरचनाहरूमा केन्द्रित भएको हुँदा शाखा नहरका बाँकी जीर्ण संरचनाहरूको पुनर्निर्माण पनि आगामी चरणमा अत्यावश्यक रहेको छ। सो अवसरमा उहाँले जापान सरकार तथा जाइका नेपालसमक्ष आगामी दिनमा पनि शाखा नहरका बाँकी जीर्ण संरचनाहरूको पुनर्निर्माणको कार्यक्रम अगाडि बढाइ सहयोग गरी दिनका लागि आग्रह गर्नुभयो।

साथै, पानीको उपलब्धता सहज भएकाले जल व्यवस्थापन, बाली विविधीकरण, बाली व्यवसायीकरणतर्फ जानु अपरिहार्य भइसकेको छ। कन्काईमा सफल रूपमा लागू गरिएको टिसिपी पिआइएटी 'मोडल'जस्तै कार्यक्रम चन्द्र नहर क्षेत्रमा पनि अनुदान सहयोगमा लागू गर्नका लागि पनि महानिर्देशक बरालले अनुरोध गर्नुभयो।

जलस्रोत तथा सिँचाइ विभागले कृषिको आधुनिकीकरण र सिँचाइ पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राख्दै विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदारीमा परियोजनाहरू सञ्चालन गर्दै आएको छ।

देशको कूल सिँचाइयोग्य क्षेत्र करिब २५ लाख ३६ हजार हेक्टरमध्ये हाल सङ्घीय सरकारद्वारा सञ्चालित सिँचाइ आयोजनामार्फत करिब १५ लाख ९३ हजार हेक्टर जमिनमा (६२ प्रतिशत) सिँचाइ सुविधा विस्तार भइसकेको छ। यसले प्रगति देखाए पनि अझै ठूलो क्षेत्र सिँचाइ सुविधाबाट वञ्चित रहेको स्पष्ट सङ्केत गर्दछ।

सिँचाइ सुविधा विस्तारको प्रत्यक्ष प्रभाव कृषि उत्पादनमा देखिएको छ। तथ्याङ्कअनुसार सिँचाइ पुगेको क्षेत्रमा हेक्टर उत्पादन औसत रूपमा वृद्धि भएको छ र किसानहरू नगदे बालीतर्फ आकर्षित भएका छन्। यसर्थ, सिँचाइ पूर्वाधारमा लगानी गर्नु भनेको खाद्य सुरक्षा, रोजगारी सिर्जना र राष्ट्रिय अर्थतन्त्र सुदृढीकरणमा लगानी गर्नु हो भन्ने कुरा स्पष्ट हुन्छ।

जापानी इन्जिनियरिङ उत्कृष्टता

जापान सरकार तथा जाइकाको अनुदान सहयोगमा पूर्वी तराई सिँचाइ प्रणाली पुनःस्थापना आयोजनाअन्तर्गत चन्द्र नहरका ३२ प्रमुख संरचनाहरू को पुनर्निर्माण तथा सुदृढीकरण कार्य सफलतापूर्वक सम्पन्न भएको छ। यो जापानी इन्जिनियरिङ उत्कृष्टता र क्षमताको सुन्दर संयोजनको उदाहरण हो। यी संरचनाहरूलको पुनर्निर्माण तथा सुदृढीकरण कार्य ले समयमै पानी आपूर्ति सुनिश्चित गर्दै बहुबाली खेती प्रवर्द्धन, उत्पादन वृद्धि तथा किसानको आयस्तर उकास्न महत्वपूर्ण योगदान पुर्याउने विश्वास गरिएको छ।

आर्थिक सर्वेक्षणअनुसार नेपालको कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिब २५ प्रतिशत रहेको छ र करिब ६२ प्रतिशत परिवार अझै पनि कृषि पेशामा निर्भर छन्। त्यसैले कृषि क्षेत्रको उत्पादनशीलता वृद्धि गर्नु भनेको गरिबी न्यूनीकरण, खाद्य सुरक्षा र समग्र राष्ट्रिय समृद्धिसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो।

जापान सरकार तथा जाइकाले नेपालको सिँचाइ, जल उत्पन्न प्रकोप व्यवस्थापन, जलस्रोत संरक्षण, कृषि, सडक, ऊर्जा, शिक्षा र मानव संशाधन विकासमा पुऱ्याउँदै आएको सहयोग एवं योगदान अत्यन्तै प्रशंसनीय छ। चन्द्र नहर पुनःस्थापना आयोजना पनि यही नेपाल-जापान विकास साझेदारीको एक सशक्त उदाहरण हो।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडी,सहसचिव सुशीलचन्द्र आचार्य, यहाँस्थित जापानी राजदूतावासका उपप्रमुख सिन्तो यासुहारु, यहाँस्थित जाइकाका देसीय निदेशक मात्सुकि मिजुकि, जल तथा ऊर्जा आयोगका सहसचिव टीकाराम बराल, जलस्रोत तथा सिँचाइ विभागका उपमहानिर्देशक बासु तिमल्सिना लगायतको उपस्थिति रहेको थियो।

विश्व समाचार

अजित पवारको विमान दुर्घटनामा निधन, सर्वत्र शोक

नयाँदिल्ली, १४ माघ (रासस/एएनआई)।

महाराष्ट्रका उपमुख्यमन्त्री अजित पवारको चार्टर विमान दुर्घटनामा बुधबार बिहान दुःखद निधन भएको खबरले देशभर शोकको लहर फैलिएको छ। बारामतीमा अवतरण गर्ने क्रममा विमान दुर्घटनाग्रस्त हुँदा उहाँसहित विमानमा सवार सबै पाँच जनाको मृत्यु भएको नागरिक उड्डयन महानिर्देशालयले जनाएको छ। शिवसेना (युबिटी) का सांसद अरविन्द सावन्तले यस घटनालाई 'अत्यन्त दुःखद' भन्दै पवार परिवारप्रति गहिरो समवेदना प्रकट गर्नुभयो। उहाँले बारामती क्षेत्रको विकासमा अजित पवारको ठूलो योगदान रहेको स्मरण गर्दै उहाँ साहसी र प्रतिबद्ध नेता भएको उल्लेख गर्नुभयो। शिवसेना (युबिटी) कै सांसद प्रियङ्का चतुर्वेदीले पनि यस समाचारलाई स्तब्ध र हृदयविदारक बताउँदै मतभेद भए पनि सँगै काम गरेको अनुभव स्मरण गर्नुभयो। उहाँले पवार परिवारका सबै सदस्य तथा बारामतीका जनताप्रति सहानुभूति व्यक्त गर्नुभयो।

बिहान किरब ८ बजे मुम्बईबाट उडेको सानो चार्टर विमान बारामती विमानस्थल नजिकै अवतरण प्रयासका क्रममा दुर्घटनामा परेको थियो। दुर्घटनास्थलमा विमानका अवशेषबाट आगो र धुवाँ निस्किएको देखिएको थियो। अजित पवार जिल्ला परिषद् चुनावसम्बन्धी कार्यक्रममा सहभागी हुन बारामती जाँदै हुनुहुन्थ्यो। प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय गृहमन्त्री अमित शाहले महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीससँग सम्पर्क गरी घटनाबारे जानकारी लिएको महाराष्ट्र सरकारले जनाएको छ। विभिन्न दलका सांसद तथा केन्द्रीय मन्त्रीहरूले पनि उहाँको निधनमा गहिरो दुःख व्यक्त गरेका छन्। अजित पवार दिग्गज नेता शरद पवारका भतिजा तथा लोकसभा सांसद सुप्रिया सुलेका काकाको छोरा हुनुहुन्थ्यो। उहाँ फरक-फरक समय र विभिन्न सरकारमा गरी सबैभन्दा धेरै अवधिसम्म महाराष्ट्रको उपमुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्ने नेता हुनुहुन्थ्यो। पृथ्वीराज चव्हाण, देवेन्द्र फडणवीस, उद्धव ठाकरे र एकनाथ सिन्दे नेतृत्वका सरकारहरूमा उहाँले उपमुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभयो। उहाँका श्रीमती सुनेत्रा पवार तथा छोराहरू जय र पार्थ पवार हुनुहुन्छ।

भारतमा निपाह भाइरसका दुई सङ्क्रमण, अवस्था नियन्त्रणमा

मुम्बई, १४ माघ (रासस/एएफपी)।

भारतका स्वास्थ्य अधिकारीहरूले पश्चिम बङ्गाल राज्यमा निपाह भाइरसका दुई सङ्क्रमण पुष्टि भए पनि अवस्था समयमै नियन्त्रणमा ल्याइएको जानकारी दिएका छन्। भारतको स्वास्थ्य मन्त्रालयले मङ्गलबार राति जारी गरेको विज्ञप्तिमा उन्नत निगरानी, प्रयोगशाला परीक्षण तथा क्षेत्रीय अनुसन्धानमार्फत सङ्क्रमण फैलिन नदिइएको स्पष्ट पारेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार जनावरबाट मानिसमा सर्ने निपाह भाइरसको हालसम्म कुनै खोप उपलब्ध छैन र यसबाट हुने मृत्युदर ४० देखि ७५ प्रतिशतसम्म हुनसक्ने बताइएको छ। यति उच्च जोखिमका बावजुद पनि हाल देखिएका दुईवटै सङ्क्रमणलाई समयमै नियन्त्रण गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार सङ्क्रमित व्यक्तिहरूसँग सम्पर्कमा आएका १९६ जनाको पहिचान गरी परीक्षण गरिएको छ र सबैको नतिजा नकारात्मक आएको छ। "स्थिति निरन्तर निगरानीमा राखिएको छ र आवश्यक सबै जनस्वास्थ्यका उपायहरू कार्यान्वयनमा छन्", विज्ञप्तिमा उल्लेख छ। यद्यपि सङ्क्रमित बिरामीहरूको व्यक्तिगत विवरण सार्वजनिक गरिएको छैन। निपाह भाइरस पहिलो पटक सन् १९९८ मा मलेसियामा सुँगुरबाट किसानहरूमा फैलिएपछि पहिचान गरिएको थियो। भारतमा यसको पहिलो प्रकोप सन् २००१ मा पश्चिम बङ्गालमै देखिएको थियो। पछि सन् २०१८ मा केरलामा फैलिएको निपाहबाट कम्तीमा १७ जनाको मृत्यु भएको थियो भने सन् २०२३ मा सोही राज्यमा दुई जनाको ज्यान गएको थियो। यस भाइरसका प्रारम्भिक लक्षणमा उच्च ज्वरो, वान्ता र श्वासप्रश्वाससम्बन्धी समस्या देखिन्छन्। उहाँ फरक-फरक समय र विभिन्न सरकारमा गरी सबैभन्दा धेरै अवधिसम्म महाराष्ट्रको उपमुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्ने नेता हुनुहुन्थ्यो। स्वास्थ्य विज्ञहरूका अनुसार फल खाने चमेरा निपाह भाइरसका प्राकृतिक वाहक हुन् र विगतका प्रकोपहरूमा पनि उनीहरूलाई मुख्य स्रोतका रूपमा पहिचान गरिएको छ। हालको अवस्थामा पनि सतर्कता अपनाउँदै निगरानी अझ कडा बनाइएको भारतीय स्वास्थ्य अधिकारीहरूले बताएका छन्।

युक्रेनमा भएको रूसी आक्रमणमा तीन जनाको मृत्यु

युक्रेन, १४माघ (रासस/एएफपी)।

युक्रेनमा भएको रूसी आक्रमणमा तीन जनाको मृत्यु हनुका साथै धेरै घाइते भएको अधिकारीहरूले बुधबार बताएका छन्। युक्रेनी अधिकारीहरूका अनुसार रेलमा लक्षित ड्रोन आक्रमणले पाँच यात्रुसहित मङ्गलबार युक्रेनभरि कम्तीमा १२ जनाको ज्यान लिएको केही घण्टापछि यो ताजा आक्रमण भएको हो। युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बमबारीले शान्ति प्रयासलाई कमजोर बनाएको उल्लेख गर्दै युद्ध अन्त्य गर्न मस्कोमाथि दबाव बढाउन सहयोगीहरूलाई आग्रह गर्नु भएको छ। "बिलोगोरोद्स्का समुदायमा, एक पुरुष र एक महिलाको आक्रमणको कारण मृत्यु भएको किभ क्षेत्रका सैन्य प्रशासनका प्रमुख माइकोला कलाश्निकले टेलिग्राम मार्फत जनाउनु भएको छ।"

युक्रेन प्रहरीले पछिल्लो बयानमा मृत दम्पतीको चार वर्षीय बच्चासहित आक्रमणमा अन्य तीन जना घाइते भएको बताएको छ। क्षेत्रीय सैन्य प्रशासनका प्रमुख ओलेक्सान्डर गान्जमका अनुसार मध्य ड्निप्रोपेट्रोभस्क क्षेत्रमा भएको ड्रोन आक्रमणमा एक व्यक्तिको मृत्यु हुनुकासाथै पाँच जना घाइते भएका छन्। अमेरिकी सयोजकत्वमा गत हप्ता संयुक्त अरब इमिरेट्समा द्वन्द्व अन्त्य गर्ने उद्देश्यले रूस र युक्रेनी वार्ताकारहरू बिच छलफल भए पछि धेरै युक्रेनीहरूलाई अत्यधिक चिसो र जाडोको समयमा उर्जा विहीन बनाउन घातक आक्रमणहरु जारी रहेको जनाइएको छ। जेलेन्स्कीका अनुसार अर्को चरणको वार्ता आगामी फेब्रुअरी- १ मा हुने अपेक्षा गरिएको छ।

स्वास्थ्य बिमाको जिम्मेवार प्रयोग गर्न स्वास्थ्य बिमा बोर्डको सार्वजनिक अपिल

काठमाडौँ, १४ माघ (रासस)।

सरकारले सञ्चालन गर्दै आएको सामाजिक स्वास्थ्य सुरक्षाअन्तर्गतको महत्त्वपूर्ण कार्यक्रम स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी र दिगो बनाउन स्वास्थ्य बिमा बोर्डले सेवाग्राही तथा सेवा प्रदायक दुवै पक्षलाई जिम्मेवार भूमिका निर्वाह गर्न आग्रह गरेको छ।

मंगलबार एक अपिल जारी गर्दै बिमा बोर्डले 'स्वास्थ्य बिमाको सही सदुपयोग गरौं' भन्ने सन्देशसहित सेवाग्राहीहरूलाई स्वास्थ्य सेवाको जिम्मेवार प्रयोग गर्न, बिमा सेवाको दुरुपयोग नगर्न तथा अनावश्यक परीक्षणका लागि चिकित्सक वा स्वास्थ्यकर्मीमाथि दबाब नदिन आग्रह गरेको छ।

त्यसैगरी, सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई पनि औचित्यका आधारमा मात्र चेकजाँच, प्रयोगशाला परीक्षण तथा उपचार प्रचलित कानुन तथा बोर्ड द्वारा जारी निर्देशिका, कार्यविधि र परिपत्रको पूर्ण पालना गर्न अनुरोध गरिएको छ।

स्वास्थ्य बिमा कार्यक्रम स्वास्थ्य सेवा उपयोगका क्रममा हुने खर्चको जोखिमलाई अग्रिम रूपमा व्यवस्थापन गर्दै नागरिकलाई वित्तीय संरक्षण प्रदान गर्ने उद्देश्यले सञ्चालन गरिएको सामाजिक स्वास्थ्य सुरक्षाको प्रमुख कार्यक्रम हो।

सीमित स्रोतसाधन तथा केही संरचनागत चुनौतीहरूका बाबजुत पनि हाल दैनिक करिब ५० हजार नागरिकले स्वास्थ्य बिमामार्फत सेवा लिइरहेका छन्, जसका कारण दैनिक औसत रु आठ करोड बराबरको खर्च आम नागरिकको गोजीबाट जोगिँदै वित्तीय सुरक्षा सुनिश्चित भइरहेको बोर्डले जनाएको छ।

हाल केही सेवा प्रदायक स्वास्थ्य संस्थाहरूमा देखिएको असहजता वा अस्थायी सेवा अवरोध समाधान गर्न बोर्डले निरन्तर पहल र छलफल गरिरहेको जानकारी दिँदै, स्वास्थ्य बिमा कार्यक्रमलाई अझ सशक्त, व्यवस्थित, प्रभावकारी तथा नागरिकमैत्री बनाउने प्रतिबद्धता जनाएको छ।

मधेस प्रदेशमाको ८ वटै जिल्लामा ४ हजार ४ सय ७१ मतदान केन्द्र निर्धारण

दैनिक समाचारदाता
राजविराज, १४ माघ।

प्रतिनिधि सभा निर्वाचनका लागि सप्तरीको चार वटौ क्षेत्रमा २ सय ९६ मतदान स्थाल तोकिएको छ। यस्तै ५ सय ६२ मतदान निर्धारण गरिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख रमेश जोशीले जानकारी दिएका छन्।

यता मधेस प्रदेशमाको ८ वटै जिल्लामा ४ हजार ४ सय ७१ मतदान केन्द्र निर्धारण गरिएको हो। सबै जिल्लाका मतदान स्थल निरीक्षणपछि प्रहरीले सुरक्षा चुनौतीको अवस्थाका आधारमा तिनलाई तीन भागमा वर्गीकरण गरेको छ।

मधेस प्रहरीका अनुसार ८ वटै जिल्लाका कुल मतदान केन्द्रमध्ये खासगरी सुरक्षा चुनौती रहेका स्थलहरूलाई तीन भागमा वर्गीकरण गरेर त्यसैअनुरुप सुरक्षा रणनीति तयार पारिएको प्रहरीको भनाइ छ। सुरक्षा चुनौती भएको केन्द्रलाई अति संवेदनशील र नभएको ठाउँको मतदान स्थललाई सामान्य वर्गीकरणमा राखिएको मधेस प्रहरीले जानकारी दिएको छ।

प्रहरीका अनुसार मधेसका १ हजार २ सय ३७ मतदान केन्द्रलाई अति संवेदनशील सूचीमा राखिएको छ। प्रदेशका सबै जिल्लाका सुरक्षा समितिको अध्ययन अनुसार अति संवेदनशील वर्गीकरण गरिएको मधेस प्रहरी प्रमुख एवं डीआइजी गोविन्द थपलियाले बताए। उनका अनुसार ८ वटै जिल्लामा कुल १ सय ६० मतदान केन्द्रलाई मात्रै सामान्य वर्गीकरणमा राखिएको छ।

पर्सावाहेक मधेसका ७ जिल्लाका विभिन्न मतदान केन्द्र अति संवेदनशील वर्गीकरणमा छन्। सुरक्षाको दृष्टिकोणले सप्तरी जिल्लाका मतदान केन्द्र सबैभन्दा बढी 'रेड जोन'मा राखिएको छ। यहाँको २ सय ९६ मतदान स्थलमध्ये २ सय ९ वटा मतदान स्थल अतिसंवेदनशीलको सूचीमा राखिएको मधेस प्रहरीले जनाएको छ।

यसैगरी सिराहाका १ सय ५४, धनुषाका १ सय ९४, महोत्तरीका १ सय ६३, सर्लाहीका १ सय ५८, रौतहटका १ सय ५२ र बाराका १ सय ४५ मतदान स्थल अति संवेदनशील सूचीमा राखिएको मधेस प्रहरीले जानकारी दिएको छ।

प्रदेशका ८ वटै जिल्लामा ७ सय ६३ वटा मतदान स्थललाई संवेदनशीलको सूचीमा राखिएको छ। सर्लाहीमा सबैभन्दा बढी १ सय ३१ मतदान स्थल संवेदनशील सूचीमा छन्।

एकीकृत सुरक्षा योजना अनुसार अति संवेदनशील, संवेदनशील र सामान्य मतदान स्थलमा सुरक्षाकर्मीको व्यवस्था गरिने मधेस प्रहरी प्रमुख थपलिया बताउँछन्।

८ वटै जिल्लामा व्यापक संख्यामा नेपाल प्रहरी, निर्वाचन प्रहरी, सशस्त्र प्रहरी र सेना परिचालन गरिने तयारी गरिएको छ। सुरक्षाका तीन वटै निकायबाट गरी मधेसमा ५० हजारभन्दा बढी संयुक्त सुरक्षा फौज खटाइने तयारी गरिएको जनाइएको छ।

मधेस प्रहरीका अनुसार मतदान केन्द्रको भित्री घेरामा नेपाल प्रहरी र निर्वाचन प्रहरी परिचालन गरिनेछ। त्यसपछिको बाहिरी घेरामा सशस्त्र प्रहरी र सबैभन्दा बाहिरी घेरामा नेपाली सेना खटाइने सुरक्षा योजना बनाइएको मधेस प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

यसैगरी सशस्त्र प्रहरीबाट १० हजार प्रहरी खटाउने तयारी गरिएको सशस्त्र प्रहरी बल मधेस प्रदेशले जनाएको छ। यसबाहेक एकीकृत निर्वाचन सुरक्षा योजना अनुसार सेना परिचालन समेत हुने नेपाली सेनाले जानकारी दिएको छ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय राजविराज ,सप्तरी

च.नं.०८२/०८३
च.नं.

मिति:-२०८२।१०।१२

विषय:-३५ दिने हक दावी सम्बन्धि सार्वजनिक सूचना।

रैति न.२३२ को रैति रामकी चिपाई मंडलको नाबमा दर्ता रहेको साबिक प्रयन्जा जगदर मौजे गयपुरा हाल नगरपालिका वडोडिम नापी भएको जग्गा खुट जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भनि जिल्ला सप्तरी साबिक गा.वि.स.छिन्नमस्ता वार्ड नं.५ हाल परिवर्तित छिन्नमस्ता गा.पा.वार्ड नं.२ बस्ने स्व.रामकी मण्डल जमातको चालि स्व.भावकत मंडलको छोरा राजेन्द प्रसाद मण्डल र राम चन्द मंडल जमात समेतले यस कार्यालयमा द.नं.८९५५ मिति २०८२।१०।६ गतेमा निवेदन दरी हक दावी सम्बन्धित सार्वजनीक सूचना प्रकाशित गर्न मिति २०८२।१०।१२ गतेका आदेश भए बमोजिम यो ३५ दिने हक दैवी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु बाहेक अरु कसैको हक लागेमे भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको सोधभर्ना हुने भए सोको सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही पु¥याइने छ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

तपसील

क.नं.	स.प्र.नं.	वार्ड नं.	क्षे.फ.नं.	चौहद्दी	तर्फ	साबिक दलीलवाला	कैफियत
१.६	बालाडाई	१(क)	१९७	०-४-७	पश्चिम	रामकी चिपाई मंडल	किल्लाबुकको जग्गाधनी महलमा किलानको महलमा खाति रहेको र कैफियत प. सखडा वार्ड नं.२ बस्ने भागवत मंडलको नाम्दरी हो।
१.४	सखडा	१(ख)	१९३	०-०-१४	पश्चिम	भागवत चिपाई मंडल जमात	किल्लाबुकको जग्गाधनी महलमा किलानको महलमा खाति रहेको र कैफियत प. सखडा वार्ड नं.२ बस्ने भागवत मंडलको नाम्दरी हो।
१.७५	सखडा	१(ख)	१७१	०-३-०	पश्चिम	भागवत चिपाई मंडल जमात	किल्लाबुकको जग्गाधनी महलमा किलानको महलमा खाति रहेको र कैफियत प. सखडा वार्ड नं.२ बस्ने भागवत मंडलको नाम्दरी हो।
१.७६	सखडा	१(ख)	१०६	०-१०-३	पश्चिम	भागवत चिपाई मंडल जमात	किल्लाबुकको जग्गाधनी
							महलमा किलानको महलमा खाति रहेको र कैफियत प. सखडा वार्ड नं.२ बस्ने भागवत मंडलको नाम्दरी हो।
१.११	सखडा	१(ख)	१०६	०-३-१	पूर्व जो ०-१-०३	भागवत चिपाई मंडल जमात	किल्लाबुकको जग्गाधनी महलमा किलानको महलमा खाति रहेको र कैफियत प. सखडा वार्ड नं.१ बस्ने भाग का.सुधारी आलोपोको नाम्दरी हो।
१.१४१	सखडा	१(ख)	१०८	०-०-१२	उ-०-१२ बाबै टोडर तर्फ जो ०-०-०.५	भागवत चिपाई मंडल जमात	किल्लाबुकको जग्गाधनी महलमा किलानको महलमा खाति रहेको र कैफियत प. सखडा वार्ड नं.१ बस्ने भाग का.सुधारी आलोपोको नाम्दरी हो।
१.१४२	सखडा	१(ख)	१०९	०-३-५	०-१-१ साबै पूर्व जो ०-१-१२.५	भागवत चिपाई मंडल जमात	किल्लाबुकको जग्गाधनी महलमा किलानको महलमा खाति रहेको र कैफियत प. सखडा वार्ड नं.१ बस्ने भाग का.सुधारी आलोपोको नाम्दरी हो।

कुष्ठरोग नियन्त्रण चुनौती, मधेसका ४५ पालिका कुष्ठरोगमुक्त

जनकपुरधाम, १४ माघ (रासस)।

मधेस प्रदेशमा कुष्ठरोग नियन्त्रण चुनौतीपूर्ण रहेको छ। नेपालको कूल कुष्ठरोगीको सङ्ख्यामध्ये ३६ प्रतिशत कुष्ठरोगी मधेसमा रहेका मधेस प्रदेश स्वास्थ्य निर्देशनालय जनकपुरधामले जनाएको छ।

६४औं विश्व कुष्ठरोग दिवसका अवसरमा प्रदेश स्वास्थ्य निर्देशनालय जनकपुरधामद्वारा बुधबार जनकपुरमा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रस्तुत भएको आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्कअनुसार मुलुकभरि नयाँ कुष्ठरोगीको सङ्ख्या दुई हजार ४०९ रहेको छ। जसमध्ये मधेस प्रदेशमा ८५७ जना छन्।

मधेसका नयाँ कुष्ठरोगीमध्ये ८०५ जनाले नियमित औषधि सेवन गरिरहेका निर्देशनालयका क्षयकुष्ठरोग निवारण अधिकृत राजवीर यादवले जानकारी दिनुभयो। उहाँका अनुसार सो अवधिमा मुलुकभरि ९१ जना कुष्ठरोगका बालबालिकामध्ये मधेसमा ४० जना छन्।

देशभरि कुष्ठरोगबाट अङ्गभङ्ग भएका १५४ बालबालिकामध्ये मधेसमा ५८ जना रहेका यादवले जानकारी दिनुभयो। प्रदेशमा प्रतिएक लाखमा १३ जना कुष्ठरोगका विरामी रहेका उहाँले बताउनुभयो। यसको औषधि तथा उपचार निःशुल्क पाउने भएकाले उपचारमा कुनै किसिमको ढिलाइ गर्न नहुने उहाँले आग्रह गर्नुभयो।

मधेसका १३६ मध्ये ४५ वटा कुष्ठरोगमुक्त पालिका रहेका जनाउँदै क्षयकुष्ठरोग निवारण अधिकृत यादवले जोखिम भएका स्थानमा उपचार तथा जनचेतनाका कार्यक्रम एकसाथ अगाडि बढाइएको बताउनुभयो। उहाँका अनुसार प्रदेशको बारा जिल्लामा कुष्ठरोगीको सङ्ख्या सबैभन्दा बढी छ भने सप्तरीमा सबैभन्दा न्यून रहेको छ।

जनस्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवले मधेस प्रदेश सरकारले कुष्ठरोगको निवारणतर्फ बजेट नदिँदा कार्य गर्न समस्या भएको गुनासो गर्नुभयो। उहाँले कुष्ठरोग निवारणमा समाजले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

लालगढ कुष्ठरोग अस्पतालका तालिम अधिकृत अरविन्द साहले कुष्ठरोगबाट मुक्त हुनका लागि सरसफाइ तथा समयमा उपचार गराउनका लागि अनुरोध गर्नुभयो। डा मनोजकुमार साह तथा जनस्वास्थ्य कार्यालयका अधिकृत महेश साहले यो रोग लुकाउन नहुने विचार व्यक्त गर्नुभयो।

कांग्रेसद्वारा विभिन्न समिति बनाउन पार्टीका सबै तहलाई निर्देशन

काठमाडौँ, १४ माघ (रासस)।

नेपाली कांग्रेसले आगामी फागुनमा हुने निर्वाचनमा पार्टीलाई विजय गराउने उद्देश्यले सञ्चालन गरिने अभियानका लागि पार्टीका सबै तहमा तत्काल विभिन्न समिति र संरचना गठन गर्न/गराउन निर्देशन जारी गरेको छ।

कांग्रेसले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीपङ्क्तिलाई व्यवस्थित रूपले परिचालित गर्न आवश्यक समिति गठनका लागि बुधबार सबै प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिलाई पत्राचार गरिएको पार्टी कार्यालयले जनाएको छ।

कांग्रेस उपसभापति एवं संयोजक तथा केन्द्रीय निर्वाचन परिचालन समितिका संयोजक विश्वप्रकाश शर्माले विज्ञप्तिमार्फत निर्वाचन व्यवस्थापन सचिवालय, निर्वाचन परिचालन मूल समिति, निर्वाचन प्रचारप्रसार मूल समिति र १८ देखि ३० वर्ष मुनिका युवालाई सहभागी बनाउने विशेष अभियान सञ्चालन गर्न उद्देश्यसहित समिति गठन गर्न निर्देशन दिनुभएको छ।

उहाँले स्थानीय तह समन्वय, बौद्धिक क्षेत्र समन्वय, धार्मिक सङ्घसंस्था समन्वय, निजी क्षेत्र समन्वय, पूर्वआप्रवासी समन्वय, स्थानीय प्रशासन समन्वय र अनुगमन समिति गठन गरी केन्द्रीय कार्यालयमा विवरण पठाउन आग्रह गर्नुभएको हो।

जेसिजको अध्यक्षमा रवी राय निर्विरोध

दैनिक समाचारदाता
राजविराज, १४ माघ।

राजविराज जेसिजको वर्ष २०२६ का लागि अध्यक्ष पदमा रवी कुमार राय निर्विरोध निर्वाचित भएका छन्।

शाखाको ५० औं अधिवेशनबाट अध्यक्ष पदमा राय निर्विरोध निर्वाचित भएका हुन्।

अस्पतालबाटै ...

झालाई केही समयका लागि बिदामा बस्न र शवगृहका कर्मचारीलाई जिम्मेवारीबाट हटाउन निर्देशन दिइसकेका छौं।"

गत शनिबार आत्महत्या गरेको भनिएकी गोलबजार नगरपालिका-३ की १६ वर्षीया निशा बानियाँको शव परीक्षणका लागि अस्पतालमा राखिएको थियो। सोही समयमा सप्तरीकी अर्की एक समान उमेरकी किशोरी राधिकाकुमारी साहको शव पनि परीक्षणका लागि अस्पतालमा राखिएको अवस्थामा अस्पताललले झुक्किएर निशाको शव राधिकाको परिवारलाई बुझाएको थियो। परिवारले आइतबार नै शवको अन्त्येष्टि गरिसकेका छन्।

सोमबार निशाका बुबा पूर्णबहादुर बानियाँ शव लिन पुग्दा मात्रै शव साटिएको रहस्य खुलेको हो।

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*